# कर्मचारी समायोजन तथा व्यवस्थापन सम्बन्धी अत्यन्त जरुरी सूचना

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिस अनुसार स्वास्थ्य सेवाका विभिन्न समूह र पदका कर्मचारीहरुको समायोजन गर्ने कार्य तीव्र गतिमा भईरहेको छ र सो को सार्वजनिकीकरण समेत क्रमिक रुपमा भईरहेको छ । स्वास्थ्यकर्मी तथा चिकित्सकको सेवा अन्य सेवा समूहहरुको तुलनामा अत्यन्तै संवेदनशील सेवा रहेको हुँदा खटिएको स्थानमा कर्मचारीको अभावमा सेवा नै प्रभावित हुने कुरालाई हृदयंगम गरी खटिएकै कार्यालयमा समायोजन पत्र पठाउने व्यवस्था मिलाइएको व्यहोरा पुनःस्मरण गराउँदै समायोजन पछिको पदस्थापनाको पत्र प्राप्त नहुँदा सम्म समायोजन पत्र बुझेका कर्मचारीहरु प्रदेश र स्थानीय तहमा खटेकाको हकमा सम्बन्धित प्रदेश र स्थानीय तहमा समायोजन गनेको म्याद भित्र रमाना भई जान हुन र संघ अन्तर्गत समायोजन भएका सबै स्वास्थ्यकर्मी कर्मचारीहरु र पुलमा दरबन्दी कायम भई समायोजन भएका कर्मचारीहरु समेत पदस्थापनाको पत्र प्राप्त नहुँदा सम्म साविकको जिम्मेवारीमा नै कामकाज गरीरहन यो सूचना जारी गरिएको छ ।

सबै विभागीय प्रमुख, महाशाखा प्रमुखहरु, कार्यालय प्रमुखहरुले यसै बमोजिम पदस्थापना पत्र प्राप्त नहुँदा सम्म आफू मातहतका कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई समायोजन पत्रकै भरमा मात्र रमाना नगरी मौजुदा जनशक्तिबाट नै वर्षात तथा विपद्को यस संवेदनशील समयमा उपलब्ध गराउनु पर्ने नियमित स्वास्थ्य सेवामा कुनै कमी हुन/आउन नदिने व्यवस्था मिलाउनहुन अनुरोध छ । साथै मातहतका सबै कर्मचारीहरुलाई पदस्थापना पत्र सम्बन्धित कर्मचारीहरुलाई कार्यरत कार्यालयमा नै उपलब्ध गराउने व्यवस्था मिलाईएको छ । पदस्थापनको तयारी र व्यवस्थापन समायोजन प्रकृयासँगै संघ, प्रदेश र स्थानीय तहमा हुने जनशक्तिलाई आधार मानी यथाशीघ्र गरिने गरी व्यवस्था मिलाइएकोले सम्बन्धित सबैलाई यो सूचना गरिएको छ ।

२०७६।४।६

(भानुभक्त न्यौपाने)

उप-सचिव